## मिति २०८० असोज २९ गते बसेको मन्थली नगरपालिकाको कार्यपालिकाको १७ औं वैठकका निर्णयहरु

**निर्णय नं. १**

कार्यपालिकाको अघिल्लो वैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगतिवारे छलफल तथा समीक्षा गरियो । अघिल्लो वैठकका निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो ।

**निर्णय नं. २**

नेपालीहरुको महान चाड वडा दशैं २०८० को उपलक्ष्यमा नगरवासी लगायत सबै नेपालीहरुमा मंगलमय शुभकामना व्यक्त गर्दै चाडपर्वका वेला हुन सक्ने अवाञ्छित क्रियाकलापहरु नियन्त्रणका लागि सम्वद्ध सबै पक्ष चनाखो रहने ।

**निर्णय नं. ३**

मन्थली नगरपालिकाबाट मस्यौदा भई विधेयक समिति मार्फत कार्यपालिका १६ औं वैठकमा पेश भएका देहाय बमोजिमका निर्देशिका र मापदण्ड परिमार्जन सहित पारित गर्ने ।

(१) वाल विकास केन्द्र सञ्चालन निर्देशिका २०८०

(२) कृषि उपज नगद अनुदान मापदण्ड २०८०

**निर्णय नं. ४**

मन्थली नगरपालिका वडा नं. १३ को वडा कार्यालय भवन निर्माणका लागि मनपा १३ निवासी प्रेम वहादुर खत्रीले देविटार फुलासी मुख्य पीच सडकसँग जोडिएको आफ्नो १३-०-०-० जग्गा मध्ये क्षे.फ. ३-०-०-० जग्गा वडा कार्यालयलाई निःशुल्क उपलब्ध गराउदा कित्ताकाट गर्दा मानवीय त्रुटीका कारण आफु बसोवास गर्दै आएका दुईओटा घरहरु वडा कार्यालयको जग्गाको रेखाँङ्कन भित्र पर्न गएको

हरिप्रसाद थापामगर
प्रमुख प्रशासकीय अधिकृत

ती भवनहरुमा पशु सेवा केन्द्र, कृषि सेवा केन्द्र र विपद व्यवस्थापनका लागि समेत उपयोग गर्न सकिने अवस्था रहेको, वडा कार्यालयको स्वामित्वभित्र पर्न आएका ति घरका घरधनीलाई अन्यत्र व्यवस्थापन गर्न क्षतिपूर्ति उपलब्ध गराउन नगरसभाबाट चालु आ.व.मा १५०००००।— अक्षेरुपी पन्ध्र लाख रुपैया वजेट विनियोजन भएको र सघन शहरी तथा भवन निर्माण आयोजनाबाट घरको मूल्यांकन प्रतिवेदन समेत प्राप्त भईसकेकोले ती घरका घरधनीलाई अन्यत्र व्यवस्थापन गर्न मूल्यांकन प्रतिवेदनको आधारमा क्षतिपूर्ति उपलब्ध गराउने ।

<u>निर्णय नं. ५</u>

मनपा ७ बडिमुहान र मनपा ११ मा रहेको शारदा मा.वि. गेलुमा आकाशे पानी संकलन टैंकी निर्माणका लागि मन्थली नगरपालिका र सृजनशिल वैकल्पिक उर्जा क.प्रा.लि. सँगको भएको संम्झौता बमोजिमको रकम भुक्तानी गर्ने ।

<u>निर्णय नं. ६</u>

वालमैत्री नगर घोषणाका लागि अति आवश्यक पूर्वाधार निर्माणको प्राविधिक प्रतिवेदन तयार गरी कार्यान्वयनको प्रक्रिया अगाडि वढाउने ।

<u>निर्णय नं. ७</u>

नदीजन्य पदार्थ संकलनस्थलमा पहुँच मार्गको रुपमा रहेको हातिटारबाट तामाकोशी नदी प्रवेश गर्ने सडकमा सोलिङ्ग लगायतका कार्य गर्न प्राविधिक मार्फत लागत अनुमान तयार गरी नदीजन्य पदार्थ कर संकलन शुल्कबाट खर्च हुने गरी सडक मर्मत कार्य अगाडि वढाउने ।

हरिप्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत